# तानसेन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎ ०७५-५२०१०१,५२०८९३,५२०१०१,५२०१
✉ info@tansenmun.gov.np
ito. tansenmun@gmail.com


प.सं. ०८१।०८२
च.नं. २८५५

सूचना प्रकाशित मिति २०८२।०३।१८
ने.सं. ११४५ दिलाथ्व, ७ बुधवार

---

### तहबृद्धिका लागि आवेदन फारम पेश गर्ने सम्वन्धी सूचना
### सूचना नं. ३

लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन २०८१ को दफा ३१ बमोजिम तह बृद्धि हुने पदमा भन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले पाँचौ, छैठौं, सातौं र आठौं तहमा तहबृद्धि हुन स्थानीय निजामती सेवा नियमावली २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची १६ बमोजिमको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिल बमोजिमका कागजात सहित आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. सक्कल निवेदन
२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,
५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
६. तह बृद्धि हुने पद भन्दा एक तह मुनिको पदको पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फारम पेश गरेको निकायको विवरण,
७. सम्वन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहबृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

.........................
पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत



CamScanner